प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

# कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट भएका गतिविधिहरु

## मिति २०७६/१२/१७ गते

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराका निर्देशक डा विनोद विन्दु शर्माको अध्यक्षतामा मिति २०७६/१२/१४ मा बसेको कर्मचारी व्यवस्थापन र अस्पताल व्यवस्थापन समितिको संयुक्त बैठकले गण्डकी प्रदेशमा नोभल कोरोना भाइरस (कोभिड -१९) को रोकथाम, नियन्त्रण, उपचार तथा समग्र व्यवस्थापन पक्षका लागि विभिन्न अस्पतालबाट चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुलाई काममा खटाउन Duty Roster तयार पार्ने कार्यादेश अनुसार गठित समितिको पहिलो बैठक मिति २०७६/१२/१६ गते आइतबारका दिन स्वास्थ्य निर्देशनालयको सभाहलमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

१. प्रि-आइसोलेसन, डेडीकेटेड आइसोलेसनमा कोरोना प्रभावित विरामीको उपचार गर्नको लागि सम्पूर्ण सरकारी, निजि तथा सामुदायिक अस्पतालका चिकित्सकहरु, नर्स, पारामेडिक्स र अन्य सहयोगी कर्मचारीहरुको नामावली संकलन गरि व्यवस्थापन समितिले खटाएको बेला अनिवार्य ड्युटीमा गइ सेवा गर्ने निर्णय गरियो ।

२. प्रि- आइसोलेसन वार्डका लागि आवश्यक पर्ने स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिको पहिलो हप्ता मणिपाल अस्पतालले व्यवस्था गर्ने त्यसपछि गण्डकी मेडिकल कलेजले त्यसपछि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पस्चिमान्चल क्षेत्रिय अस्पतालले व्यवस्था गर्ने र चौथो हप्ता आर्मी अस्पतालको नेतृत्वमा निजि र सामुदायिक अस्पतालहरु मिलेर व्यवस्था गर्ने । आवश्यक परेमा जिल्लाका चिकित्सक तथा स्वास्थ्यकर्मी समेत परिचालन गरिनेछ ।

३. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान डेडीकेटेड आइसोलेसन अस्पताल तोकीइसकेको सन्दर्भमा सो अस्पतालले आवश्यकीय व्यवस्थापन तत्काल गर्ने र बैकल्पिक आइसोलेसन अस्पतालको रुपमा क्रमिक रुपमा निम्न अस्पताललाई तोक्ने निर्णय गरियो ।

- ✓ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ।
- ✓ चरक मेमोरियल अस्पतालको पुरानो संरचना ।
- ✓ लेखनाथ सामुदायिक लायन्स अस्पताल ।
- ✓ मातृशिशु अस्पताल ।

४. अस्पताल तथा अन्य व्यवस्थापकीय कार्यमा मा खटिने चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीलाई तलब,भत्ता र विमाका साथै आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीको व्यवस्था स्वास्थ्य निर्देशनालय र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले गर्ने निर्णय गरियो ।

५. चेकजाँच र औषधी उपचारमा लाग्ने खर्च सम्बन्धित अस्पताललाई प्रदेश सरकारले भुक्तानी गर्ने तथा काममा खटिने चिकित्सक, स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीलाई खाना, वास र यातायातको व्यवस्था गर्ने निर्णय गरियो ।

हटलाइन १०९२ बाट आज सेवा लिएकाको संख्या : ७१

| संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|
| ३२ | २० | १ | ११ |
| - मिति २०७६/१२/१७ गते ३ बजे सम्म प्राप्त | | | |

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा